जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : १७ | २०८३ साल बैशाख २० गते, आईतबार | Sunday, May.– 03 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## बारामा तस्करीको जालो गहिरिंदै, पिपरपाती-कुडवासम्म प्रहरीको विशेष संरक्षण, तस्करलाई “खुल्ला अफर”,







### सेटिङलाई ढाकछोप गरेको प्रहरीमाथि आरोप

***१९ गते वैशाख, कलैया/रौतहट।*** मधेश प्रदेशअन्तर्गत बारा जिल्ला पछिल्लो समय तस्करी गतिविधिको केन्द्र बन्दै गएको घटनाक्रमले देखाएको छ। सीमावर्ती क्षेत्रमा दिनहुँ देखिने मोटरसाइकलको लस्कर, विभिन्न स्थानबाट भइरहेका पक्राउ तथा सार्वजनिक भइरहेका भिडियो-तस्बिरहरूले संगठित सञ्जाल सक्रिय रहेको रहस्य उजागर गरेका छन्। विशेषगरी पक्राउका धेरै घटना भारतीय पक्षमै सार्वजनिक भइरहँदा सीमापार सुरक्षामा कडाइ देखिएको छ। तर नेपालतर्फ, बाराको सिमाभित्र फैलिएको जालो झन् गहिरो रहेको देखिन्छ। नेपालको सिमाना सहजै पार भएका घटनाहरूले नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ। गएको हप्ता बसवरिया-कचोर्वा नाका हुँदै भारततर्फ लैजाँदै गरिएको गाँजा झरोखर क्षेत्रमा भारतीय सुरक्षा बलले नियन्त्रणमा लिएको घटना तथा सन्तगञ्ज-कवही गोठ क्षेत्रबाट अवैध सामग्रीसहित व्यक्तिहरू पक्राउ परेका घटनाहरू यसका उदाहरण हुन्। यस्तै, शुक्रबार महुअवा कटगेनवा र अगरवा नाकाबाट हुण्डी रकमसहित नेपाली सिमा पार गरी भारतीय एसएसबीले नियन्त्रणमा लिनु, साथै लागूऔषध गाँजासहित चारचक्का सवारी पक्राउ पर्नुले सीमाक्षेत्रको सुरक्षा अवस्थालाई थप उजागर गरेको छ। यसरी सिम्रौनगढ क्षेत्रबाट लागूऔषध गाँजाको तस्करी भइरहेको तथ्यसमेत बाहिर आएको छ।

स्थानीयका अनुसार कचोर्वा, बसवरिया, महुआही, अगरवा, पिपरपाती, बेलदारी र बैरिया लगायतका नाकाबाट दैनिक रूपमा मोटरसाइकलमार्फत कपडा, काजु, चकलेटजस्ता सामग्री ओसारपसार भइरहेको छ। छतवा-मुसहरवा नाकाबाट प्रवेश गरेको तस्करीको मोटरसाइकल लस्करको दृश्य सार्वजनिक भएपछि “लाइन क्लियर” गरेर बिहानदेखि रातिसम्म संगठित रूपमा तस्करी सञ्चालन भइरहेको दाबी थप बलियो बनेको छ। पछिल्लो समय रौतहटको बंकुल हुँदै नरकटिया नाकाबाट राति र बिहानै हुने तस्करीसमेत तीव्र रूपमा मौलाउँदै गएको स्रोतले जनाएको छ।

तस्करीका सामग्रीहरू पिपरपाती र

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्जमा स्पा-मसाज सेन्टर अनुगमन तीव्र, दुई स्थानमा नाबालिग फेला

***वीरगञ्ज, १९ वैशाख।*** वीरगञ्ज महानगरपालिकाले नगरभित्रका स्पा तथा मसाज सेन्टरहरूको अनुगमन अभियान सुरु गरेको छ। मसाज सेन्टरको आवरणमा अनियमित गतिविधि हुन सक्ने गुनासो आएपछि महानगरले मंगलबारदेखि अनुगमन अघि बढाएको हो।

नगर प्रहरी इन्चार्ज हरि भुसालका अनुसार अनुगमन भन्सार क्षेत्रबाट सुरु गरिएको छ र यसलाई क्रमशः महानगरका सबै ३२ वडामा विस्तार गरिनेछ। नेपाल प्रहरीको सहकार्यमा नगर प्रहरी टोली परिचालन गरिएको छ।



अनुगमनका क्रममा सञ्चालक तथा कर्मचारी विवरण, अनुमति पत्र, दर्ता अवस्था, कर तिर्ने स्थिति र सेवा सञ्चालन मापदण्डको पालना भए-नभएको विषयमा जाँच भइरहेको छ। साथै, नाबालिग संलग्नता रहेको/नरहेको विषयलाई प्राथमिकताका साथ हेर्न थालिएको छ।

हालसम्म करिब एक दर्जनभन्दा बढी स्पा तथा मसाज सेन्टरको निरीक्षण गरिएकोमा दुई स्थानमा नाबालिग प्रयोग भएको पाइएको महानगरले जनाएको छ।

महानगरले मापदण्ड विपरीत सञ्चालन हुने तथा गैरकानुनी गतिविधिमा संलग्न व्यवसायमाथि कानुनी कारबाही गरिने स्पष्ट पारेको छ। साथै, आगामी दिनमा अनुगमन अझ कडाइका साथ निरन्तर सञ्चालन गरिने र शङ्कास्पद गतिविधिबारे सूचना दिन नागरिकलाई आग्रह गरिएको छ।

## कंकाली मन्दिर क्षेत्रको गुठी जग्गा विवाद : अतिक्रमण हटाउने डोजर चल्ने तयारीमा

***सिम्रौनगढ, १४ वैशाख।*** बाराको सिम्रौनगढ नगरपालिका क्षेत्रस्थित कंकाली मन्दिर आसपासको गुठी जग्गा अहिले दोहोरो दबाबमा परेको छ। एकातर्फ वर्षौंदेखि बढ्दै गएको अतिक्रमण र निजीकरणको जोखिम छ भने अर्कोतर्फ हाल स्थानीय सरकारले थालेको अतिक्रमण हटाउने तयारीले यहाँ बसोबास गर्दै आएका विपन्न परिवारको जीविकोपार्जनमाथि प्रश्न उठाएको छ।

स्थानीयका अनुसार पहिले सामुदायिक प्रयोजनका लागि प्रयोग हुने गुठीको जग्गा क्रमशः संकुचित हुँदै गएको छ। बैल बजारका लागि छुट्याइएको करिब ३२ कट्ठा र तरकारी बजारका लागि रहेको करिब २५ कट्ठा जमिन अहिले





अतिक्रमणका कारण घट्दै गएको छ। खुला बजार लाग्ने क्षेत्र अहिले निजी घर, गोठ र करेसाबारीमा परिणत हुँदा क्षेत्रको मौलिक स्वरूप परिवर्तन भएको छ।

यद्यपि, पछिल्लो समय देशभर सार्वजनिक जग्गा खाली गराउने अभियान तीव्र बनेसँगै सिम्रौनगढमा पनि गुठी जग्गा खाली गराउने प्रक्रिया सुरु गरिएको छ।

बाँकी तेस्रो पृष्ठमा

## मटिअर्वामा सडक अतिक्रमण हटाउन डोजर, करिब ५५ संरचना भत्काइयो

***कलैया, १९ वैशाख।*** बाराको मानमत-मटिअर्वा-कलैया सडकखण्डअन्तर्गत पर्ने मटिअर्वा क्षेत्रमा सडक अतिक्रमण हटाउने अभियान तीव्र बनाइएको छ। कलैया उपमहानगरपालिका-१० ले सडक विस्तार तथा सार्वजनिक जग्गा संरक्षणको उद्देश्यसहित शनिबार बिहानदेखि डोजर परिचालन गर्दै अवैध संरचनाहरू भत्काउन सुरु गरेको हो।

उपमहानगरपालिकाले निर्धारण गरेको मापदण्डअनुसार सडकको दायाँ-बायाँ १५/१५ मिटर क्षेत्रभित्र निर्माण गरिएका घर, पसल, टहरा लगायतका संरचनाहरू अतिक्रमणको रूपमा परेपछि हटाउने प्रक्रिया अघि बढाइएको हो। गण्डक नहरस्थित मटिअर्वा चोकदेखि एनसेल टावरसम्मको खण्डमा मात्रै करिब ५५ वटा





संरचना भत्काइएको छ।

वडा नम्बर १० का अध्यक्ष महम्मद सबिरका अनुसार यसअघि पटक-पटक सूचना जारी गरी सम्बन्धित व्यक्तिहरूलाई आफैं संरचना हटाउन आग्रह गरिएको थियो। तर, अधिकांशले अटेर गरेपछि बाध्य भएर डोजर प्रयोग गर्नुपरेको उनले बताए। उनले अभियानलाई निरन्तरता दिँदै आइतबारदेखि एनसेल टावरदेखि छोटि भन्सार कार्यालयसम्म बाँकी संरचनाहरू

बाँकी तेस्रो पृष्ठमा

## १८ वर्षपछि आफ्नै बाबुको हत्या आरोपी छोरा पक्राउ

***रौतहट, १८ वैशाख २०८३ –*** आफ्नै बाबुको हत्या गरेर लामो समयदेखि फरार रहेका एक व्यक्ति १८ वर्षपछि पक्राउ परेका छन्। रौतहट प्रहरीले चितवनबाट उनलाई पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार २०६४ साल जेठ २० गते गरुडा नगरपालिका-१ (साबिक जयमनगर-४) मा भएको हत्याकाण्डमा संलग्न रहेका ६८ वर्षीय विशेष महतो कोईरीका कान्छा छोरा राम बिलास महतो पक्राउ परेका हुन्।

प्रहरी अनुसन्धानअनुसार आर्थिक सङ्कट र जग्गा विवादका कारण उनले आफ्नै बाबुको हत्या गरेको खुलेको छ। घटनाको दिन घरमै सुतिरहेको अवस्थामा बाबुलाई





हातखुट्टा बाँधेर धारिलो हतियार प्रहार गरी हत्या गरिएको बताइएको छ।

घटना पछि उनी परिवारसहित फरार भएका थिए। करिब १८ वर्षसम्म लुकीछिपी बसेका उनलाई हालै चितवनबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालका अनुसार आरोपीलाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको छ।

प्रहरीले पुरानो हत्याकाण्डलाई पुनः अनुसन्धान गर्दै आवश्यक प्रमाण संकलन गरिरहेको जनाएको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## जवाफदेहिता हराउँदा राज्य कहाँ?

कलैयाको पूर्वाधार विकास कार्यालयको पछिल्लो घटनाले एउटा गम्भीर प्रश्न उठाएको छ–राज्यभित्र जवाफदेहिता (बअअयगलतबदषष्तिथ) वास्तवमा छ कि छैन? एउटा कार्यालय प्रमुख महिनौँसम्म सम्पर्कविहीन रहँदा पनि न त तत्काल कारबाही हुन्छ, न त सेवा प्रवाह सुचारु राख्ने वैकल्पिक व्यवस्था देखिन्छ। यसले शासन प्रणालीमा "जिम्मेवारी कसको?" भन्ने आधारभूत प्रश्नलाई झन् गहिरो बनाएको छ।

सार्वजनिक पद कुनै व्यक्तिगत सुविधा होइन; यो जनताप्रति उत्तरदायित्व हो। तर यहाँ उल्टो देखिएको छ–जिम्मेवारीबाट पन्छिने प्रवृत्ति, निगरानी निकायको निष्क्रियता, र माथिल्लो तहको ढिलासुस्ती। यदि एक जना कर्मचारी सम्पर्कविहीन हुँदा अर्बौंको योजना प्रभावित हुन्छ भने, समस्या व्यक्ति होइन, प्रणालीमै गहिरो छ। यो घटनाले "दण्डहीनता" (ष्उगलष्तथ) को संस्कार पनि उजागर गर्छ। विगतमा विवादमा मुछिएका अधिकारी पुनः जिम्मेवारीमा आउने, अनि फेरि विवादास्पद परिस्थितिमा हराउने–यो चक्र दोहोरिरहनु संयोग होइन। जब गल्तीको परिणाम हुँदैन, तब लापरबाही संस्थागत बन्छ।

अर्को महत्वपूर्ण पक्ष नागरिकको विश्वास हो। जनताले तिरेको करबाट सञ्चालन हुने कार्यालयले काम गर्न नसक्दा केवल योजना मात्र रोकिँदैन, राज्यप्रतिको भरोसा पनि कमजोर हुन्छ। विकासमा ढिलाइ भन्दा ठूलो क्षति विश्वासको क्षय हो, जुन पुनः निर्माण गर्न कठिन हुन्छ।

अब आवश्यक छ–कडा र स्पष्ट सन्देश। जिम्मेवारीबाट भाग्नेहरूलाई कानुनी दायरामा ल्याउने, निगरानी संयन्त्रलाई सक्रिय बनाउने, र "काम नगर्दा पनि हुन्छ" भन्ने संस्कार तोड्ने। साथै, हरेक कार्यालयमा नेतृत्वको वैकल्पिक व्यवस्था अनिवार्य बनाइनुपर्छ, ताकि कुनै एक व्यक्तिको अनुपस्थितिले प्रणाली नै नढल्योस्। अन्ततः, यो केवल कलैयाको समस्या होइन–यो राज्य सञ्चालनको ऐना हो। यदि यसबाट पाठ सिकिएन भने, यस्ता घटना फेरि दोहोरिनु समयको मात्र कुरा हुनेछ।

# विकासको नयाँ मापदण्ड






अमृत गिरी

बौद्ध अर्थशास्त्रले सन्तुलित जीवन सिकाउँछ भने कुल राष्ट्रिय खुसी (जिएनएच) ले त्यसको मापन गर्ने आधार दिन्छ । नीति निर्माणमा खुसी र कल्याणलाई समावेश गर्न जरुरी छ । यसले स्थानीय अर्थतन्त्र बलियो बनाउन सघाउँछ । गाउँमै रोजगारी सिर्जना, कृषि र साना उद्योग प्रवर्धन गर्न सकिन्छ ।

परम्परागत रूपमा विकासको मापन भौतिक पूर्वाधार, औद्योगिकीकरण र कुल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धिका आधारमा गरिँदै आएको छ तर पछिल्लो समय विश्वका धेरै मुलुकले केवल आर्थिक वृद्धिले मात्र मानिसलाई सुखी बनाउन नसक्ने निष्कर्ष निकाल्दै मानसिक सन्तुष्टि, सामाजिक न्याय र पर्यावरणीय सन्तुलनलाई प्राथमिकता दिन थालेका छन् । यही सन्दर्भमा बौद्ध दर्शनमा आधारित 'बौद्ध अर्थशास्त्र' र 'कुल राष्ट्रिय खुसी' (जिएनएच) जस्ता अवधारणा पुनः विश्वव्यापी बहसको केन्द्रमा आएका छन् ।

आजको विश्व अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ । ठुला अर्थतन्त्रहरूले उत्पादन र उपभोग विस्तारलाई विकासको प्रमुख सूचकका रूपमा अघि सारेका छन् तर जलवायु सङ्कट, मानसिक तनाव, सामाजिक असमानता र सांस्कृतिक विघटन जस्ता चुनौतीले गम्भीर प्रश्न उठाएको छ- के आर्थिक वृद्धि नै मानव जीवनको अन्तिम लक्ष्य हो ?

विश्व अर्थतन्त्र अहिले तीव्र गतिमा अघि बढिरहेको छ । ठुला अर्थतन्त्रहरू कुल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धि, औद्योगिकीकरण र उपभोग विस्तारलाई विकासको मुख्य सूचकका रूपमा प्रस्तुत गरिरहेका छन् । जलवायु सङ्कट, मानसिक तनाव, सामाजिक असमानता र सांस्कृतिक विघटन जस्ता चुनौतीको सामना गर्ने सामर्थ्यको विकास नगरीकन सुखी हुन सकिँदैन भन्ने त्यहाँका अर्थशास्त्रीको रायलाई सरकारले नै आत्मसात् गरेका छन् । बौद्ध दर्शनमा आधारित बौद्ध अर्थशास्त्र र कुल राष्ट्रिय खुसी जस्ता अवधारणा विश्वका लागि वैकल्पिक सोचका रूपमा पुनः चर्चामा आएका छन् ।

समतामूलक आर्थिक विकास, पर्यावरण संरक्षण, संस्कृति संरक्षण र सुशासनलाई चार आधारस्तम्भ मानिएको छ। सूचक मापनका लागि मानसिक सन्तुष्टि, स्वास्थ्य, शिक्षा, समयको उपयोग, सांस्कृतिक विविधता, सुशासन, सामुदायिक जीवन, वातावरण र जीवनस्तर जस्ता नौ वटा क्षेत्र तोकिएको छ । यसले मानव जीवनको समग्र गुणस्तर मापन गर्ने अर्थशास्त्रीहरू बताउँछन् ।

नोक्सानी न्यूनीकरण, इच्छा नियन्त्रण, अहिंसा र सामाजिक हित, स्थानीय अर्थतन्त्रको प्रवर्धन र उदारता तथा सहकार्यलाई बौद्ध अर्थशास्त्रका आधारभूत सिद्धान्त मानिन्छ। यस्तो अर्थतन्त्रको उद्देश्य अधिकतम उपभोग होइन, अधिकतम सन्तुष्टि हो । उत्पादन वा विकास गर्दा नाफा मात्र होइन; मानिस, समाज र वातावरणमा पर्ने असर पनि विचार गर्नु पर्छ । असीमित उपभोग होइन; सन्तुलित जीवनशैलीलाई प्राथमिकता दिनु पर्छ । उत्पादन र उपभोग दुवै प्रक्रिया कसैलाई हानि नपुग्ने गरी हुनु पर्छ । स्थानीय उत्पादन, स्थानीय उपभोग र समुदायकेन्द्रित अर्थतन्त्रमा जोड दिनु पर्छ । व्यक्तिगत लाभभन्दा सामाजिक कल्याणलाई प्राथमिकता दिनु पर्छ

### *विकासको नयाँ मापदण्ड*

कुल राष्ट्रिय खुसी नै विकासको नयाँ मापदण्ड भएको छ । यो अवधारणाको सुरुवात भुटानका चौथो राजा जिग्मे सिङ्गे वाङ्चुकले सन् १९७० को दशकमा अघि सारेका थिए । उनले भनेका छन्, "कुल राष्ट्रिय खुसी कुल राष्ट्रिय उत्पादनभन्दा बढी महङ्खवपूर्ण छ ।" भुटानले अघि सारेको कुल राष्ट्रिय खुसी (जिएनएच) अवधारणा विश्वका लागि प्रेरणादायी बनेको छ ।

देशको विकास त्यहाँका नागरिक कति खुसी छन् भन्नेबाट मापन हुनु पर्छ भन्नु नै यसको अवधारणा हो । यो मापदण्डले केवल आय होइन; मानसिक सन्तुष्टि, स्वास्थ्य, शिक्षा, वातावरण, संस्कृति, सुशासन जस्ता पक्षलाई समेट्छ । बौद्ध अर्थशास्त्रले उपभोग होइन, सन्तुलनको अर्थतन्त्रमा जोड दिन्छ । परम्परागत अर्थशास्त्रको अधिक उत्पादन, अधिक उपभोगको सूत्रलाई बौद्ध अर्थशास्त्रले चुनौती दिन्छ र भन्छ- कम साधनबाट पनि सन्तुलित, शान्त र सन्तुष्ट जीवन सम्भव छ। बौद्ध अवधारणा अनुसार उत्पादन गर्दा वातावरण र समाजमा पर्ने असर विचार गरिन्छ । चरम दोहनबाट उत्पन्न भइरहेका असरबारे अध्ययन गरिन्छ । उपभोगलाई सीमित र सचेत बनाइन्छ; स्थानीय स्रोत एवं श्रमको प्रयोगलाई प्राथमिकता दिइन्छ र नाफाभन्दा मानव कल्याणलाई महङ्खव दिइन्छ ।

आजको विश्वमा अति उपभोग नै जलवायु परिवर्तनको मुख्य कारण बनिरहेको विद्वान्हरूको ठहर छ। बौद्ध दर्शनका बारेमा शोध गरिरहेका नेपालसहितका विभिन्न मुलुकका अर्थशास्त्रीले दिगो जीवनशैलीको स्पष्ट मार्ग नै बौद्ध अर्थशास्त्र र कुल राष्ट्रिय खुसीको अवधारणा रहेकोमा जोड दिएका छन् । लुम्बिनी बौद्ध विश्वविद्यालयसहित विभिन्न ठाउँमा यसबारे पठनपाठन सुरु भएको छ । हालको विश्व सन्दर्भले बौद्ध अर्थशास्त्रलाई अझ सान्दर्भिक बनाएको छ। बढ्दो क्रममा रहेको जलवायु सङ्कट नै नयाँ अवधारणाको विकासको कारक बनिरहेको छ । अत्यधिक औद्योगिकीकरण र उपभोगले वातावरणीय विनाश बढाएको छ र कैयौँ मुलुकले 'प्रकृतिमा फर्क' (ब्याक टु नेचर) अभियान सुरु गरेका छन् । विकाससँगै पर्यावरण संरक्षण अनिवार्य भएको छ ।

बौद्ध अर्थशास्त्र र कुल राष्ट्रिय खुसीले विकासको परम्परागत सोचलाई चुनौती दिँदै मानवकेन्द्रित विकास मोडेल प्रस्तुत गरेका छन्। नेपाल जस्तो सांस्कृतिक रूपमा समृद्ध तर आर्थिक रूपमा चुनौतीपूर्ण देशका लागि यो अवधारणा केवल सैद्धान्तिक होइन, व्यावहारिक समाधान बन्न सक्छ । अब प्रश्न जिडिपी कति बढ्यो भन्ने होइन; जनताको जीवन कति सुखी, सन्तुलित र सम्मानजनक भयो भन्ने हो ।

उच्च आय भएका देशमा पनि तनाव, 'डिप्रेसन' र एक्लोपन बढ्दो छ । पैसाले खुसी किन्न नसकिने, असमानताले तनाव उत्पन्न गराउने, धनी र गरिबबिचको खाडल बढिरहँदा मानसिक स्वास्थ्य सङ्कट निम्त्याएको छ । कल्याणकेन्द्रित अर्थतन्त्रतर्फ उन्मुख हुन जरुरी रहेको बौद्ध दर्शनका अध्येताको जोड छ ।

### *कुल राष्ट्रिय खुसीको प्रभाव*

संयुक्त राष्ट्रसङ्घले विश्व खुसी प्रतिवेदन प्रकाशित गर्न थालेको छ । संयुक्त राष्ट्रसङ्घको महासभाले १२ जुलाई २०१२ मा पारित गरेपश्चात् सन् २०१३ मार्च २० देखि १९३ सदस्य देशले अन्तर्राष्ट्रिय खुसी दिवस मनाउन थाले । विश्व खुसी प्रतिवेदन, २०२४ अनुसार नेपाल ९३ औँ स्थानमा छ भने फिनल्यान्ड लगातार सात वर्षदेखि शीर्ष स्थानमा छ। धेरै देशले नीति निर्माणमा खुसी र कल्याणलाई समावेश गर्न थालेका छन्। सकल राष्ट्रिय कल्याण जस्ता अवधारणा विश्वव्यापी बहसमा छन् । विकासको परिभाषा विश्वभर परिवर्तन हुँदै छ ।

बौद्ध अर्थशास्त्रले सन्तुलित जीवन सिकाउँछ भने कुल राष्ट्रिय खुसी ( जिएनएच) ले त्यसको मापन गर्ने आधार दिन्छ। नीति निर्माणमा खुसी र कल्याणलाई समावेश गर्न जरुरी छ। यसले स्थानीय अर्थतन्त्र बलियो बनाउन सघाउँछ। गाउँमै रोजगारी सिर्जना, कृषि र साना उद्योग प्रवर्धन गर्न सकिन्छ। मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्न जरुरी छ । शिक्षा र स्वास्थ्य नीतिमा कल्याणलाई समावेश गर्दै पर्यावरणमैत्री विकास र पूर्वाधार निर्माणसँगै प्रकृति संरक्षणमा जोड दिन सकिन्छ । नेपालका लागि यो अवधारणा केवल वैकल्पिक होइन; दिगो, समावेशी र मानवीय विकासको वास्तविक मार्ग हो ।

### *नेपालमा सम्भावना र चुनौती*

नेपाल बौद्ध दर्शनको जन्मभूमि हो । त्यसैले बौद्ध अर्थशास्त्र र जिएनएचको सन्दर्भमा नेपालको विशेष महङ्खव छ । सांस्कृतिक र आध्यात्मिक आधार, समुदाय, सहकार्य र सन्तुलित जीवनशैली नेपाली समाजको आधार हो। यस्तै प्राकृतिक सम्पदा जस्तै- हिमाल, जङ्गल र जैविक विविधता दिगो विकासका उत्कृष्ट आधार हुन् ।

समृद्धिको भरपर्दो आधार पर्यटन हो । आध्यात्मिक पर्यटन र शान्ति पर्यटनमा नेपाल विश्वकै केन्द्र बन्न सक्छ । यद्यपि चुनौती पनि उत्तिकै छन् । राजनीतिक अस्थिरता, निराशा, बेरोजगारी र युवाशक्ति बिदेसिने क्रम बढ्दो छ। सहर-गाउँ र वर्गीय विभाजन अझै कायमै छ । आर्थिक दबाब र सामाजिक परिवर्तनले मानसिक तनाव बढाएको छ । यसका साथै नीति कार्यान्वयनमा कमजोरी छ । सुशासन र प्रभावकारी कार्यान्वयनमा समस्या उस्तै छ ।

### *मानसिक सन्तुष्टि जरुरी*

लुम्बिनी बौद्ध विश्वविद्यालयका अर्थशास्त्री सुरज घिमिरेका अनुसार बौद्ध अर्थशास्त्र र कुल राष्ट्रिय खुसीको अवधारणाले आजको विश्व अर्थतन्त्रमा गहिरो सान्दर्भिकता पाएको छ किनकि केवल कुल राष्ट्रिय आयमा आधारित विकासले आय असमानता, मानसिक तनाव र वातावरणीय सङ्कट बढाएको यथार्थ विभिन्न अध्ययनले देखाएका छन् ।

भुटानले सन् १९७२ देखि कुल राष्ट्रिय खुसीलाई नीतिगत आधार बनाउँदै समतामूलक विकास, सुशासन, संस्कृति र वातावरण संरक्षणलाई सन्तुलित रूपमा अघि बढाएको उदाहरण छ । यस्तै थाइल्यान्डले 'सफिसियन्सी इकोनोमी' मार्फत स्थानीय स्रोतमा आधारित आत्मनिर्भरता प्रवर्धन गरेको अनुभवले देखाउँछ । दिगो समृद्धि केवल उत्पादन वृद्धि होइन; सन्तुलित उपभोग, सामाजिक न्याय र मानसिक सन्तुष्टिमा निर्भर हुन्छ भन्ने कुरा व्यावहारिक बनेको छ। संयुक्त राष्ट्रसङ्घले समेत खुसीलाई विकासको सूचकका रूपमा स्विकार्दै अन्तर्राष्ट्रिय खुसी दिवस मनाउन थालेको सन्दर्भमा नेपाल जस्तो बुद्ध जन्मभूमिले आफ्नै दार्शनिक आधारलाई आत्मसात् गर्न सकिरहेको छैन । बौद्ध दर्शनको मध्यम मार्ग, तृष्णाको नियन्त्रण, सामूहिक हित र पर्यावरणीय सन्तुलनका माध्यमबाट आर्थिक नीतिमा रूपान्तरण गर्न सकिन्छ। यसो भएमा कृषि, रोजगारी, निर्यात र सामाजिक स्थायित्वमा ठोस सुधार ल्याउन सकिन्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## अमेरिकाले जर्मनीबाट करिब पाँच हजार सेना फिर्ता गर्ने घोषणा

*वासिङ्टन, वैशाख १९ गते ।*
जर्मनीबाट करिब पाँच हजार सैनिक फिर्ता गर्ने कार्य आगामी छ देखि १२ महिनाभित्र पूरा हुने अपेक्षा गरिएको पेन्टागनका प्रवक्ता सन पार्नेलले बताउनुभएको छ।

मध्यपूर्व युद्धका कारण ट्रान्सएटलान्टिक सम्बन्धमा दरार बढ्दै जाँदा नेटोले शनिबार जर्मनीबाट पाँच हजार सेना फिर्ता गर्ने वाशिङ्टनको निर्णयलाई बुझ्नका लागि अमेरिकासँग समन्वय गरिरहेको बताएको छ ।

"यो निर्णय युरोपमा अमेरिकी रक्षा मन्त्रालय अन्तर्गतको सुरक्षा बलको स्थितिको पूर्ण समीक्षापछि आवश्यकता र सर्तहरूको मान्यतामा भएको हो," पार्नेलद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ ।

सन् २०२५ डिसेम्बर ३१ सम्म नेटोको सहयोगी जर्मनीमा ३६ हजार ४३६ सक्रिय-सेवामा अमेरिकी सैनिकहरू रहेका थिए भने इटालीमा १२ हजार ६६२ र स्पेनमा तीन हजार ८१४ अमेरिकी सैनिक



थिए।

जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियसले शनिबार भन्नुभएको छ, "युरोप र जर्मनीबाट पनि अमेरिकी सेना फिर्तीको अपेक्षा गर्न सकिन्छ।"

युरोपेली सङ्घले गत बर्ष हस्ताक्षर गरेको व्यापार सम्झौताको पालना नगरेको आरोपमा अर्को हप्तादेखि लागु हुनेगरी युरोपेली सङ्घबाट अमेरिका आपूर्ति हुने कार र ट्रकहरूमा लगाइदै आएको करको दर बढाएर २५ प्रतिशत पुर्याउने राष्ट्रपति ट्रम्पले बताउनुभएको छ। जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियसले शनिबार भन्नुभयो, "अमेरिकाले युरोप र जर्मनीबाट अमेरिकी सेना फिर्ता गर्न सक्ने अपेक्षा गर्न सकिन्छ ।"

नेटोका प्रवक्ता एलिसन हार्टले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "यो समायोजनले युरोपले प्रतिरक्षामा थप लगानी गर्न र हाम्रो साझा सुरक्षाका लागि ठूलो हिस्सा लिनुपर्ने आवश्यकतालाई जोड दिन्छ ।

## इजरायलका लागि जासुसी गरेको आरोपमा इरानद्वारा दुई जनालाई मृत्युदण्ड

तेहरान, वैशाख १९ गते ।
इरानले इजरायलका लागि जासुसी गरेको आरोपमा शनिबार दुई जनालाई मृत्युदण्ड दिएको इरानी अदालतले जनाएको छ । यघौब करिम्पोर र नासेर बेक्रजादेहलाई गुप्तचरलाई सहयोग गरी जासुसी गरेको अपराधमा दोषी ठहर गरी मृत्यु दण्ड दिएको अदालतको वेबसाइट उल्लेख गरिएको छ ।

यद्दपी उनीहरुलाई कहिले पक्राउ गरिएको थियो भन्ने विषय भने स्पष्ट हुन सकेको छैन । सन् २०२५ जुनमा इजरायलसँगको इरानको युद्धलाई उल्लेख गर्दै, "सुरक्षा र सैन्य स्थानको फोटो खिचि मोसाद अधिकारी कहाँ पठाएको अपराधमा करिम्पोरलाई दोषी ठहर गरिएको जनाइएको छ । गत फेब्रुअरी-२८ मा, इजरायल र अमेरिकाले इरानमा आक्रमण




गरेपछि सुरु भएको युद्धलाई अन्त्य गर्नका लागि अप्रिल-८ देखि युद्धविराम लागु भएको छ ।

पछिल्लो समयमा इरानले जनवरीमा सामूहिक विरोध प्रदर्शनसँग सम्बन्धित व्यक्तिलाई मृत्युदण्ड दिएको जनाइएको छ जसलाई इजरायल, अमेरिका र प्रतिबन्धित पिपुल्स मुजाहिदीन सङ्गठनसहितका विपक्षी समूहले उक्साएको बताएको छ । यस अघि इरानले युद्ध पूर्वको विरोध प्रदर्शनको क्रममा मध्य प्रान्त इस्फहानमा प्रहरी अधिकारीलाई आक्रमण गरेको आरोपमा ससान आजादवर भनेर चिनिएका व्यक्तिलाई फाँसी दिएको बताएको छ ।

## बारामा...

बेलदारी नाकालाई सुरक्षित मार्गका रूपमा प्रयोग गर्दै भित्र्याइने गरेको बताइन्छ। बैरिया, सखुवाट, रामनगर, बलधुस्वा हुँदै ल्याइएका सामानहरू कुडवा र कोतवालीस्थित गण्डक नहर आसपासका टोलमा भण्डारण गरिन्छ। त्यहाँबाट पिकअप, मोटरसाइकल तथा अन्य सवारीमार्फत लंगडा चोक हुँदै मौलापुर, गंजभवानीपुर, कलैया हुँदै टाटा सुमो र हाईसको छतमा समेत राखेर काठमाडौंसम्म पठाइने गरिएको एक चालकले बताएका छन्। उनका अनुसार बाटोका विभिन्न बिन्दुमा रकम बुझाउँदै ढुवानी सहज बनाइन्छ। स्रोतका अनुसार सियाराम, दीपक लगायतका नामुद तस्करहरूको संलग्नता रहेको दाबी गरिएको छ। यसैबीच सिम्रौनगढ क्षेत्रबाट तस्करी भई आएको तोरी र दाल बोकेको पिकअप गाडी रौतहटको मौलापुरमा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको घटना पनि सार्वजनिक भएको छ। यसअघि पनि यस्तै सामग्री उठाएर "वेवारिसे" घोषणा गरिएको तर तस्करी भने निरन्तर चलिरहेको स्थानीयको आरोप छ। प्रहरीकै नजिकै रहेका गोदामहरू जोगाइँदै आएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

मटिअर्वा छोटी भन्सार क्षेत्रमा कबाड र कपडाको तस्करी गराएको आरोपमा सशस्त्र प्रहरी गुल्मका डिएसपी पौडेललाई विवादपछि जिल्ला स्थित गणमा तानिएको घटनाले आन्तरिक कमजोरीतर्फ संकेत गरेको छ। यसले सुरक्षाकर्मीभित्रकै समन्वय र निगरानी प्रणालीमाथि प्रश्न उठाएको छ।

स्थानीयवासीका अनुसार सीमाक्षेत्रमा सुरक्षा उपस्थिति हुँदाहुँदै पनि दिनदहाडै लस्करमा तस्करी हुनु निगरानी प्रणालीकै कमजोरी हो। सूचना दिँदा पनि समयमै कारबाही नहुने, बरु तस्करहरूले मार्ग परिवर्तन गर्ने वा सामान लुकाउने गरेको गुनासो छ। यता सुरक्षा निकायले भने खुला सिमाना र जनशक्ति अभावलाई मुख्य चुनौतीका रूपमा औंल्याउँदै संगठित सेटिङको आरोप अस्वीकार गरेका छन्।

पछिल्ला दिनमा बसवरिया-सिम्रौनगढ क्षेत्रबाट गाँजा तस्करीसमेत बढ्दो क्रममा रहेको स्रोतको दाबी छ, जसलाई पुष्टि गर्नेगरी उक्त नाकाबाट भारततर्फ लैजाँदै गरिएको गाँजा भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएको घटना सार्वजनिक भइसकेको छ।

यसरी बारा र रौतहट क्षेत्रभर फैलिएको तस्करी सञ्जालले सुरक्षा, राजस्व र कानुनी व्यवस्थामाथि गम्भीर चुनौती खडा गरेको भन्दै स्थानीयले प्रभावकारी नियन्त्रणको माग गरेका छन्।

## कंकाली...

नगरपालिकाले अतिक्रमित क्षेत्रमा बनेका घरटहराबारे ३५ दिने सार्वजनिक सूचना जारी गरिसकेको छ र आवश्यक परे डोजर प्रयोग गरेर हटाउने तयारी गरेको जनाएको छ।

तर, यहाँ बसोबास गरिरहेका धेरै परिवारले आफूहरू दीर्घकालदेखि यहीँ बस्दै आएको र वैकल्पिक व्यवस्था बिना हटाइए जीवनयापन संकटमा पर्ने बताएका छन्। "हामीसँग अन्यत्र जाने ठाउँ छैन, यहीँ बस्दै गुजारा चलाइरहेका छौं," एक स्थानीयले गुनासो गरे।

यसबीच गुठी जग्गा व्यक्तिको नाममा कसरी दर्ता भयो भन्ने विषय पनि विवादित बनेको छ। स्थानीयले मालपोत र नापी निकायबीचको मिलेमतो बिना यस्तो सम्भव नहुने आशंका गरेका छन्। उनीहरूका अनुसार भूमाफियाले योजनाबद्ध रूपमा सार्वजनिक जग्गा कब्जा गर्दै लगेका छन्, जसले ऐतिहासिक तथा धार्मिक महत्व बोकेको क्षेत्रको पहिचान नै संकटमा परेको छ।

विज्ञहरूले भने अतिक्रमण हटाउने कार्यसँगै सामाजिक संवेदनशीलता अपनाउनुपर्नेमा जोड दिएका छन्। सार्वजनिक सम्पत्ति संरक्षण आवश्यक भए पनि दीर्घकालदेखि बसोबास गर्दै आएका विपन्न वर्गका लागि वैकल्पिक व्यवस्था नगरी बलपूर्वक हटाउँदा मानवीय समस्या उत्पन्न हुन सक्ने उनीहरूको भनाइ छ।

स्थानीय तथा सरोकारवालाहरूले गुठी जग्गाको स्पष्ट नापजाँच, अवैध दर्ता खारेज, दीर्घकालीन व्यवस्थापन योजना तथा प्रभावित परिवारको पुनर्वास सुनिश्चित गर्न माग गरेका छन्। अन्यथा, एकातर्फ ऐतिहासिक सम्पदा हराउने र अर्कोतर्फ सामाजिक समस्या चर्किने जोखिम बढ्ने चेतावनी दिइएको छ।

## मटिअर्वामा...

हटाइने जानकारी दिए।

त्यस्तै, वडा अध्यक्ष महम्मद मिया ठकुराईले यो अभियान सार्वजनिक जग्गा खाली गराउने र सडकलाई मापदण्डअनुसार व्यवस्थित बनाउने दीर्घकालीन योजनाअन्तर्गत सञ्चालन गरिएको स्पष्ट पारे। उनका अनुसार केही स्थानीयले स्वेच्छिक रूपमा आफ्ना घर तथा टहरा हटाउन थालेका छन् भने धेरैले हटाइसकेका पनि छन्।

यसबीच, अतिक्रमण हटाउने कार्यविरुद्ध दायर गरिएको निषेधाज्ञासम्बन्धी मुद्दा बारा जिल्ला अदालतले खारेज गरिसकेको छ, जसले उपमहानगरपालिकालाई कानुनी रूपमा अभियान अघि बढाउन मार्ग प्रशस्त गरेको छ। अदालतको निर्णयपछि महानगरले थप सक्रियताका साथ बाँकी क्षेत्र खाली गराउने तयारी गरेको जनाएको छ।

स्थानीय तहले सडक अतिक्रमण हटाएर यातायात सहज, सुरक्षित र व्यवस्थित बनाउने लक्ष्य राखेको छ। साथै, आगामी दिनमा पनि यस्ता अतिक्रमण नियन्त्रणका अभियानलाई निरन्तरता दिइने र सार्वजनिक सम्पत्तिको संरक्षणमा कडाइ गरिने उपमहानगरपालिकाको भनाइ छ।

## बाढी...

हटाइसकिएको छ भने धनुषातर्फका दुई स्ल्याब सुरक्षित रहेको प्राविधिक अध्ययनले देखाएको छ।

स्थानीयले पुल निर्माणमा भएको ढिलाइप्रति असन्तुष्टि जनाउँदै तत्काल काम अघि बढाउन र दीर्घकालीन समाधान खोज्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## मधेश...

जिम्मेवारी नबुझाई यस्तो गतिविधि गर्नु गैरकानुनी भएको सरोकारवालाहरूको भनाइ छ।

पर्यटन विकास कार्यालय रौतहटले भने काफ्लेले वितरण गरेका त्यस्ता पत्रहरू मान्य नहुने स्पष्ट पारेको छ। आर्थिक प्रलोभनमा परी योजनाका पत्र वितरण गरिएको आशङ्का गर्दै यसले प्रदेश सरकारको छवि कमजोर बनाएको स्थानीयको भनाइ छ।

यस घटनाबारे जिल्ला प्रशासन कार्यालय सर्लाहीलाई जानकारी गराइएको भए पनि हालसम्म ठोस कदम नचालिएको भन्दै आलोचना भइरहेको छ। स्थानीयले निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्।

सरोकारवालाहरूले यस्ता गतिविधि रोक्न र प्रशासनिक अनुशासन कायम गर्न प्रदेश सरकारलाई तत्काल कडाइका साथ कदम चाल्न आग्रह गरेका छन्।

## देशभर...

मोटरसाइकलको ठक्करबाट ७० वर्षीया पैदलयात्री दहउरा देवी महतोको ज्यान गएको छ। म.प्र.०३-०२६ प ००८४ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएकी उनको परवानीपुरस्थित एलएस न्यूरो अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।

धनुषाको हंसपुर नगरपालिका-२ बक्चौडामा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा १४ वर्षीय किशोर कृष्ण मण्डलको मृत्यु भएको छ। मोटरसाइकल चालक रहेका उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिए पनि उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-९ सुधामेमा बोलेरोको ठक्करबाट ६ वर्षीया बालिका सुस्मा आलेको मृत्यु भएको छ। बाटो काट्ने क्रममा ग.१ ज ८७१९ नम्बरको बोलेरोले ठक्कर दिँदा गम्भीर घाइते भएकी उनको पोखराको फिस्टेल अस्पतालमा मृत्यु भएको हो।

नवलपरासी पूर्वको कावासोतीमा रोकिराखेको ट्रकमा स्कुटर ठोक्किँदा ३६ वर्षीया निशा कुमालको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएकी उनको कालीगण्डकी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

कञ्चनपुरको दोधारा चाँदनीमा टिपरले मोटरसाइकललाई ठक्कर दिँदा १४ वर्षीय विवश चुनाराको घटनास्थलमै मृत्यु भएको छ भने मोटरसाइकल चालक घाइते भएका छन्। टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

बर्दियाको गुलरिया नगरपालिका-११ मा गाडीको ठक्करबाट ८ वर्षीया नाजिया साइको घटनास्थलमै मृत्यु भएको छ। नेपालगञ्जतर्फ जाँदै गरेको गाडीले ठक्कर दिँदा उनको ज्यान गएको हो।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# राष्ट्रपति पौडेलद्वारा ६ अध्यादेश जारी: विभिन्न ऐनमा व्यापक संशोधन, एउटा छलफलकै चरणमा

***१९ बैशाख, काठमाडौं ।***
राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको सिफारिसमा पछिल्ला तीन दिनमा विभिन्न क्षेत्रसम्बन्धी ६ वटा अध्यादेश जारी गर्नुभएको छ। यी अध्यादेशमार्फत स्वास्थ्य, शिक्षा, सार्वजनिक प्रशासन, सहकारी, सार्वजनिक खरिद तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनी व्यवस्थामा संशोधन गरिएको छ।



राष्ट्रपति कार्यालयका अनुसार संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा अध्यादेश जारी गरिएको हो। जारी भएका अध्यादेशहरूले केही नेपाल ऐनहरूमा संशोधन तथा परिमार्जन गर्ने व्यवस्था समेटेका छन्।

तीन दिनमा पाँच अध्यादेश जारी

गत बिहीबारदेखि शनिबारसम्मको अवधिमा राष्ट्रपति कार्यालयबाट पाँच वटा अध्यादेश जारी भइसकेका छन् भने एउटा अध्यादेश अझै छलफलकै चरणमा रहेको स्रोतले जनाएको छ।

बिहीबार सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश २०८३ र सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३ जारी गरिएको थियो। यी दुवै अध्यादेशमार्फत सार्वजनिक वित्त व्यवस्थापन र सहकारी क्षेत्रको नियमन तथा सुधारका विषय समेटिएका छन्।

शुक्रबार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश २०८३ जारी गरिएको थियो। यसले वित्तीय अपराध नियन्त्रण र सम्पत्ति शुद्धीकरण रोकथामसम्बन्धी कानुनी प्रावधानलाई थप कडाइ गर्ने अपेक्षा गरिएको छ।

शनिबार तीन अध्यादेश एकैसाथ जारी

शनिबार राष्ट्रपति कार्यालयले एकैसाथ तीन वटा अध्यादेश जारी गरेको हो। तीमध्ये स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३, र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३ रहेका छन्।

यी अध्यादेशमार्फत स्वास्थ्य शिक्षण संस्थाहरू, उच्च शिक्षा व्यवस्थापन तथा सार्वजनिक पदाधिकारीको जिम्मेवारी र पदमुक्ति प्रक्रियामा कानुनी सुधार गर्ने उद्देश्य राखिएको बताइएको छ।

संवैधानिक परिषद् अध्यादेश छलफलकै चरणमा

स्रोतका अनुसार संवैधानिक परिषद्सम्बन्धी अध्यादेश भने हाल छलफलकै चरणमा रहेको छ। साथै, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको प्रस्तावित अध्यादेशमार्फत २५ भन्दा बढी कानुनमा परिवर्तन गर्ने सिफारिस गरिएको बताइएको छ।

कानुनी संरचनामा व्यापक परिवर्तनको संकेत

पछिल्ला अध्यादेशहरूले राज्यका विभिन्न महत्वपूर्ण क्षेत्रलाई समेटेकाले कानुनी संरचनामा व्यापक परिवर्तनको संकेत देखिएको छ। यद्यपि यी अध्यादेशहरूको दीर्घकालीन प्रभाव, कार्यान्वयन र राजनीतिक बहसबारे थप छलफल हुने अपेक्षा गरिएको छ।

सरकारले ६ वटा अध्यादेश सिफारिस गरेकामा हालसम्म ५ वटा जारी भइसकेका छन् भने एक अध्यादेश अध्ययन तथा छलफलकै क्रममा रहेको राष्ट्रपति कार्यालयले जनाएको छ।

# नेपाली कम्युनिस्ट पार्टीको ७ बुँदे निर्णय सार्वजनिक, सबै तहका कमिटी निर्वाचनबाट गठन हुन

***काठमाडौं, १९ बैशाख २०८३*** – नेपाली कम्युनिस्ट पार्टीले केन्द्रीय कार्यसंयोजक समितिको बैठकका निर्णय सार्वजनिक गरेको छ। प्रवक्ता प्रकाश ज्वालाले विज्ञप्ति जारी गर्दै पार्टी पुनर्गठन र संगठन सुदृढीकरणलाई लक्षित गरी ७ बुँदे निर्णय सार्वजनिक गरेका हुन्।




बैठकले पार्टी एकता प्रक्रिया टुंग्याउने र आगामी महाधिवेशनको मिति तय गर्ने निर्णय गरेको छ। साथै वडादेखि केन्द्रसम्मका सबै तहका कमिटीहरू अब निर्वाचन प्रक्रियामार्फत गठन गरिने व्यवस्था गरिएको छ।


निर्णयअनुसार पार्टी संरचना समानुपातिक र समावेशी सिद्धान्तमा आधारित रहनेछ। कमिटी गठनमा अनुभव, परिपक्वता र युवा सहभागिताबीच सन्तुलन कायम गरिने तथा प्रत्येक कमिटीमा कम्तीमा ५० प्रतिशत युवा प्रतिनिधित्व सुनिश्चित गरिने उल्लेख छ।

त्यस्तै, समग्र कम्युनिस्ट आन्दोलनलाई पुनर्गठन गर्ने पहल गर्ने र पार्टी पङ्क्तिलाई उत्पादन तथा श्रममूलक गतिविधिमा नियमित रूपमा जोड्ने अभियान सञ्चालन गर्ने निर्णय पनि गरिएको छ।

प्रवक्ता ज्वालाका अनुसार यी निर्णयहरूले पार्टीलाई संगठनात्मक रूपमा सुदृढ बनाउने र आन्दोलनलाई नयाँ दिशातर्फ अघि बढाउने उद्देश्य राखिएको छ।

# मधेश प्रदेश सरकार विवादमा : सरुवा भएपनि काफ्लेको कर्तुत योजना पत्र पुरानै मितिमा बिक्री भएको आरोप

***रौतहट/सर्लाही, १९ बैशाख ।***
मधेश प्रदेश सरकारअन्तर्गतका एक पूर्व निमित्त कार्यालय प्रमुखमाथि योजनासम्बन्धी पत्रहरू पुरानै मितिमा बिक्री गरेको गम्भीर आरोप लागेको छ। पर्यटन विकास कार्यालय रौतहटका पूर्व निमित्त प्रमुख राजेश काफ्लेले काज फिर्ता भइसकेपछि पनि गैरकानुनी रूपमा योजनाका कार्यादेश वितरण गरिरहेको आरोप सार्वजनिक भएको हो।



आरोपअनुसार काफ्लेले रौतहट र सर्लाहीका विभिन्न योजनासम्बन्धी पत्रहरू पुरानै मिति राखी आर्थिक लाभका लागि वितरण गर्दै आएका थिए। शनिबार सर्लाहीको मलङवा क्षेत्रमा एक निजी घरबाट योजनासम्बन्धी पत्र वितरण गरिरहेको अवस्थामा उनी देखिएको दाबी गरिएको छ।

काफ्लेको काज फिर्ता भई वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशमा सरुवा भइसके पनि उनले कार्यालयमा औपचारिक रूपमा जिम्मेवारी हस्तान्तरण नगरी पुरानै मितिमा कार्यादेश जारी गर्दै हिँडेको आरोप छ। हाल कार्यालय प्रमुखका रूपमा कार्यरत बबिता जैसवाललाई

बाँकी तेस्रो पृष्ठमा

# बाढीले बगायो कमला नदीको डाइभर्सन, हुलाकी राजमार्ग अवरुद्ध

***धनुषा/सिरहा, १९ बैशाख ।***
निरन्तर वर्षापछि आएको बाढीले कमला नदीमा बनाइएको अस्थायी 'डाइभर्सन' बगाउँदा हुलाकी राजमार्गअन्तर्गत आवागमन पूर्ण रूपमा अवरुद्ध भएको छ। सिरहा र धनुषा जोड्ने उक्त स्थानमा निर्माणाधीन पुलको विकल्पका रूपमा बनाइएको डाइभर्सन शनिबार बिहानको बाढीले बगाएको हो।



बिहीबार रातिदेखि परेको अविरल वर्षाका कारण नदीमा पानीको बहाव अत्यधिक बढेपछि डाइभर्सन पुनः क्षतिग्रस्त भएको हो। यससँगै सयौं सवारीसाधन बीच बाटोमै रोकिएका छन् भने यात्रुहरू अलपत्र परेका छन्। केही दिनअघि मात्रै मर्मत गरेर सञ्चालनमा ल्याइएको डाइभर्सन फेरि बग्दा समस्या झन् जटिल बनेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार नदीमा पानीको बहाव उच्च रहेकाले तत्काल मर्मत सम्भव छैन। पानीको सतह घटेपछि मात्रै नगरपालिकाको जेसिबी प्रयोग गरी पुनः अस्थायी संरचना निर्माण गरिने उनले जानकारी दिए।

कमला नदीमाथि निर्माणाधीन पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीय बासिन्दा वर्षौंदेखि सास्ती खेपिरहेका छन्। बर्खायाममा जोखिमपूर्ण रूपमा डुङ्गा प्रयोग गर्नुपर्ने वा घुमाउरो बाटो हुँदै पूर्व-पश्चिम राजमार्ग प्रयोग गर्नुपर्ने बाध्यता उनीहरूमा छ।

उक्त पुल निर्माणका लागि २०६८ साल जेठमा पप्पु-लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो। २०७१ मंसिरमै सम्पन्न हुनुपर्ने पुल हालसम्म पूरा हुन सकेको छैन र सात पटकसम्म म्याद थप भइसकेको छ।

निर्माणकै क्रममा २०७८ असार १७ मा आएको बाढीले पुलका दुई वटा जग भासिँदा चार वटा स्ल्याबमा क्षति पुगेको थियो। त्यसमध्ये सिरहातर्फका दुई स्ल्याब

बाँकी तेस्रो पृष्ठमा

# देशभर छुट्टाछुट्टै सवारी दुर्घटनामा ३ बालाबालिका सहित ८ जनाको मृत्यु

१९ बैशाख,काठमान्डौ।
देशका विभिन्न जिल्लामा पछिल्लो २४ घण्टामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा ८ जनाको मृत्यु भएको छ। मृतकमध्ये तीन जना बालबालिका रहेको प्रहरीले जनाएको छ। सुनसरी, सर्लाही, बारा, कास्की, नवलपरासी पूर्व, कञ्चनपुर, धनुषा र बर्दियामा भएका यी दुर्घटनामा ठूलो मानवीय क्षति भएको हो।



सुनसरीको दुहबी नगरपालिका-२ तुथाहामा बसको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ। प्र.१-०२-००२ ख १११ नम्बरको बसले ठक्कर दिँदा गम्भीर घाइते भएका करिब ५० वर्षीय पुरुषको कोसी अस्पताल विराटनगरमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। घटनापछि बस चालकलाई नियन्त्रणमा लिइएको छ।

सर्लाहीको लालबन्दी नगरपालिका-४ मा ट्याक्टरको ठक्करबाट ६ वर्षीया बालिका अन्सु भट्टराईको घटनास्थलमै मृत्यु भएको छ। साइकलमा सवार अवस्थामा उनलाई ट्याक्टरले ठक्कर दिएको थियो। दुर्घटनामा घाइते भएका अर्का एक व्यक्तिको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

बाराको कलैया उपमहानगरपालिका-२४ मा

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।